# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
च्याङ्ग्रे,भोजपुर
१ नं प्रदेश नेपाल


प. सं. (*Let NO.*) :-०७५/०७६
च. नं. (*Ref. No.*) :- १९६

मिति (*Date*) :२०७५/०६/२८

श्री सबै व्यवसायी, बुद्दीजिवी, सरोकारवाला संघसंस्था,
व्यक्ति एवं आम नागरिकहरु,
पौवादुङमा गाउँपालिका,
भोजपुर ।

विषयः- अनुरोध सम्बन्धमा।

नेपालीहरुको महान पर्वहरु बिजयादशमी, शुभदिपावाली, नेपाल संवत तथा छठ लगायतका पर्वहरु शुरु भइसकेकाले आम पौवादुङमाबासी आमाबुबा, दाजुभाई, दिदीबहिनी एवं सम्पूर्ण नागरिकहरुमा सुख, शान्ति, सु-स्वास्थ्य एंव समृद्दिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै चाडपर्वका समयमा तपसिल बमोजिम गर्नुभई चावपर्वलाई सभ्य सुसज्जित एवं मर्यादित बनाउने कार्यमा सहयोग गर्नुहुन सबै सरोकारवाला एवं नागरिकहरुमा गाउँ कार्यपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ।

तपसीलः

१. मादक पदार्थ सेवन गरी सार्वजनिक स्थानमा होहल्ला तथा हिडडुल नगर्ने।
२. होटल व्यवसाय गर्ने व्यक्ति वा संस्थाले रातको ९ बजेभित्र बिक्रिवितरण तथा पसल बन्द गर्ने ।
३. सार्वजनिक सवारी अवरुद्द हुने गरी कुनै भौतिक संरचनाहरु (जस्तै पिङ,पसलहरु) स्थापना नगर्ने।
४. चाडपर्वका नाम वा बाहानामा जुवा तास लगायतका प्रतिबन्धित खेलहरु कुनै पनि स्थानमा नखेलाउने।
५. सार्वजनिक/सांस्कृतिक कार्यक्रमहरु संचालन गर्नुपर्ने भएमा स्थानीय प्रशासनसँग अनुमति लिएर मात्र संचालन गर्ने र तोकिएको स्थान/समयमा मात्रै कार्यक्रम संचालन गर्ने ।
६. व्यक्तिगत एंव सामुदायिक स्वास्थ्यमा ध्यान दिदै दैनिक खानपान र आहारमा सचेत रहने ।
७. चाडपर्वका समयमा मासुजन्य पदार्थको प्रयोग अत्याधिक हुने हुनाले पशुबधलाई व्यवस्थित गर्ने एंव तोकिएको स्थान बाहेक पशुको बध नगर्ने (धार्मिक रीतिअनुसारको हकमा सोही बमोजिम गर्ने तर सरसफाईमा बिषेश सतर्कता अपनाउने)।
८. सबै प्रकारका सवारीचालक एंव सवारीधनीले ट्राफिक नियमको अनिवार्य पालना गर्ने साथै क्षमताभन्दा बढी यात्रु ओसारपसार नगर्ने।
९. बिष्फोटक पदार्थ पटका लगायतका प्रतिबन्धित सामाग्रीको बिक्रिवितरण तथा प्रयोग नगर्ने।
१०. चाडपर्वलाई सकेसम्म सरल र मितव्ययी बनाउदै भड्किलो हुन नदिने।
११. धार्मिक सहिष्णुताको उच्च सम्मान गर्दै अपराधिक/अवान्छित क्रियाकलापहरु नगर्ने, नगराउने र हुन नदिने, **यदि कहींकतै** त्यस्तो हुन गएमा वा हुने संकेत देखिएमा तत्काल ईलाका प्रहरी कार्यालय तिवारीभञ्ज्याङ्गमा ९८५२०५२३१० मा खबर गर्ने।

.......................
प्रमुख प्रशासकीय अधिकृत
सालिकराम भट्टराई

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय,भोजपुर : जानकारीको लागी अनुरोध छ।
श्री ईलाका प्रहरी कार्यालय,पौवादुङमा-२ तिवारीभञ्याङ,भोजपुर : आवाश्यक समन्वय तथा जानकारीका लागि अनुरोध छ।
श्री प्रहरी चौकी,पौवादुङमा-४ बास्तिम,भोजपुर : आवाश्यक समन्वय तथा जानकारीका लागि अनुरोध छ।
श्री सबै वडा कार्यालयहरु ,पौवादुङमा गाउँपालिका :आ-आफ्नो वडाभित्र उपरोक्तानुसार गर्नु/गराउनु हुन अनुरोध छ ।
श्री सूचना प्रविधि शाखा,वेवसाइटमा अपलोड गरीदिनु हुन।

Email: pauwadungmamun@gmail.com Website: www.pauwadungmamun.gov.np